नेपाल सरकार
Government of Nepal

# कृषि विकास मन्त्रालय
# Ministry of Agricultural Development

सिंहदरबार, काठमाण्डौ, नेपाल
Singhadurbar, Kathmandu, Nepal

Asian Food & Agriculture Cooperation Initiative

# सुन्तला जात फलफूल खेती पात्रो (Citrus Calendar)

| सुन्तला जात फलफूल खेती | बैशाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | आश्विन | कार्त्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ |
| मौसम | | | | | | | | | | | | |
| सुन्तला जात फलफूल उत्पादन प्रविधि | | | | | | | | | | | | |





## तयारीको अवस्था

| | |
|---|---|
| बेर्नाको छनौट | उन्नत जातको बेर्ना किन्ने । |
| मूख्य जातहरु (जातीय छनौट) | **कागती :** तराईका लागि एन.सी.आर.पी.-४९, एन.सी.आर.पी. -५३, एन.सी.आर.पी. - ५५, **सुन्तला :** धनकुटा स्थानीय, पोखरा स्थानीय, ओकित्सुवासे (मध्य पहाडको लागि) **जुनार :** स्थानीय, वासिङ्टन नाभेल, भ्यालेन्सिया । |
| बगैंचा रेखाङ्कन र लगाउने दुरी | वर्गाकार □ वा षट्कोणाकार ⬡ वा गह्रा कान्ला तरीका । खाल्टोको दुरी **सुन्तला:** ५-६ मी. × ५-६ मी, **जुनार:** ६-७ मी. × ६-७ मी. र **कागती:** ४-५मी. × ४-५मी. गहिराई २ फिट र गोलाई ३ फिट भएको खाल्टो बिरुवा रोप्नु १-२ महिना अगावै खन्नुपर्छ । खाडलको भित्र भागमा सुकेको घाँस आदि मिसाएर र माथिल्लो भागमा पाकेको कम्पोष्ट वा गोबर मल, चुना, पिना आदि माटोमा मिसाएर पुर्नु पर्छ । खाडलको ढिस्को १ फिट जती अग्लो उठाउनुपर्छ । |

## बिरुवा रोप्ने र स्याहार सुसारको अवस्था

| | |
|---|---|
| बिरुवा रोप्ने समय र तरीका | सुन्तला जातको बिरुवा मुना फुट्नु अगाडी माघ-फाल्गुन पहिलो हप्ता वा असार महिनामा रोप्न सकिन्छ । बिरुवा रोप्ने खाडलको बिच भागमा रोपेर प्रशस्त पानी हाली बोटको वरीपरी छापरा राख्नु पर्दछ । |
| सिंचाई र व्यवस्था | माटोको १ मिटर गहिराई सम्म चिस्यान उपलब्ध हुनुपर्छ । फूल फुल्ने र फल लाग्ने अवस्थामा सिंचाई अत्यावश्यक पर्छ । तर कुलो बनाई अत्याधिक पानीको निकास गर्नुपर्छ । |
| झारपात नियन्त्रण | हातले झारपात निकालेर गोडमेल गर्ने । तर झारपात उम्रेको खण्डमा जुनै बेला पनि गोडमेल गर्न सकिन्छ । |
| तालीम तथा काँट्छाँट | एक वर्षको बिरुवा रोप्दा २५ से.मी. माथि र दुई बर्षको बिरुवा रोप्दा २-३ मूल हाँगा राख्नुपर्छ । रोग लागेको हाँगा बर्षेनी छाँट्काँट गरेर हटाउँदा फल बढि दिन्छ । |
| मलखादको प्रयोग | **फल लाग्ने प्रति बोट प्रति बर्ष:** **सुन्तला र जुनारमा :** कम्पोष्ट मल २५ किलो, नाइट्रोजन, फसफोरस र पोटास ५००:३०० :५०० ग्रामका दरले प्रयोग गर्ने । **कागतीमा :** कम्पोष्ट मल २५ किलो, डि.ए.पी-४३५ ग्राम, यूरीया - ७०० ग्राम, पोटास - ५५० ग्राम बर्षातको बेलामा हाल्नु राम्रो हुन्छ । |
| किटनासक विषादीको प्रयोग | किराहरु देखीए मात्र प्रयोग गर्ने । |
| रोगको व्यवस्थापन | समय समयमा कांट्छांट् गर्ने (रोगको मात्रा कम हुन्छ र फल पनि अत्याधिक लाग्छ) । |

## फूल्ने र फल लाग्ने अवस्था

| | |
|---|---|
| फूल्ने समय | फाल्गुन चैत्र (MARCH -APRIL) का बेला फूल फुल्दछन् । |
| फूल खस्ने र कम फल लाग्ने समस्या | अत्याधिक पानी वा सुख्खा भएमा, राम्रो उन्नत बेर्नाको छनौट नभएमा, हिउँ परेमा समस्याको निवारण २,४ - डी १०-१५ पी.पी.एम. फूल फूल्ने र फल लागेपछि छर्ने । |
| फल पाक्ने समय | फूल फूलेको २३५-२७० दिनमा पाक्छ । |

## फल टिप्ने अवस्था

| | |
|---|---|
| फल टिप्ने र भण्डारण | फल हरियोबाट पहेंलो रङ्गको हुन्छ र २ एम. एम. हाँगासँगै राखेर कैंचीले काट्ने । |

## सुन्तला जात फलफूलमा लाग्ने कीराहरुको जानकारी









### कत्ले कीरा नियन्त्रण विधिः

यो कीरा बाक्लो कत्लाभित्र हुने भएकोले विषादी छरे पनि नियन्त्रण गर्न गाह्रो हुन्छ । तसर्थ यो कीरा हिंड्ने (Crawling) अवस्थाको समय पत्ता लगाइ सर्वो वा एट्सो तेल १० देखि २० मिलिलिटर प्रति लिटर पानीमा मिसाई राम्ररी बोट भिज्ने गरी १०/१२ दिनको फरकमा छर्न सके सम्पूर्ण कत्ले किरा नियन्त्रण हुन्छ ।

### हरियो पतेरा नियन्त्रण विधिः

पतेरोको फूल र बच्चा अवस्था पहिचान गरी संकलन गर्ने र नष्ट पार्ने । बढी क्षति पार्ने अवस्था भएमा रोगर वा मालाथियन वा यस्तै प्रकारका बढी गन्ध आउने विषादीहरु १ मि. लि. प्रती लिटर पानीका दरले छर्ने । विषादीको गन्धले पतेरो भाग्छ । विषादीको गन्ध हराएपछि पतेरो फेरि आउँछ तसर्थ ८/१० दिनको फरकमा ३।४ पटक छर्ने ।

### सिट्रस सिल्ला नियन्त्रण विधिः

सबैखाले चुसाहा कीरा नियन्त्रण गर्ने । खपटे कीराले सिट्रस सिल्ला कीराको शिकार गर्दछ । एकखालका मसिना बारुला (Tamarexia radiatus) ले परजीविको काम गर्दछ । यसले सिल्लाको शरीरभित्र फूल पार्दछ र बच्चा निस्केपछि भित्री भाग खाई बाहिर निस्कन्छ ।

### फल कुहाउने झिंगा कीरा नियन्त्रण विधिः

१. मालाथियन झोल १ एम.एल./लि. पानीमा १० ग्राम चिनी मिलाई छर्ने ।

२. एक किलोग्राम सख्खर पानीमा भिजाएर लेदो हुने गरी हल्का पकाउने र चिसो भएपछि १० एम.एल मालाथियन वा रोगर मिलाएर राम्ररी फिट्ने । यसरी तयार पारेको विषादीलाई बोटको अलग अलग हाँगामा लेप दल्ने ।





## सुन्तला जात फलफूलमा लाग्ने रोगहरु











### जरा कुहिने रोग नियन्त्रण विधिः

जरा कुहिएको बोटमा जुन भागतिर पात पहेंलिएको छ त्यही भागतिरको जरा खनेर कुहिएका जरा सिकेचरले काटेर हटाउने । कुहिएको जरा हटाईसके पछि सबै जरा लछ्प्प भिज्ने गरी १ प्रतिशतको बोर्डो मिश्रणले भिजाउने ।

### फेद कुहिने रोग नियन्त्रण विधिः

तिनपाते रुट-स्टकमा कलमी गरिएका बेर्नाहरु लगाउने । बोटको बेसिन तथा फेद वरिपरि ट्राईकोडर्मा ढुसीको प्रयोग गर्न सकिन्छ । प्रत्येक वर्ष हिउँदमा फल टिपी काँटछाँट गरिसकेपछि बोर्डो- पेष्ट बनाई फेदमा दल्ने ।

### गुँद निस्कने रोग (Gummosis) नियन्त्रण विधि :

नियमित रूपमा बगैंचा व्यवस्थापन गर्ने र रोग लागेका हाँगाहरु काटेर जलाई दिने । वार्षिक कार्य तालीका अनुसार पुरै बोट लछ्प्प भिज्ने गरी बोर्डो मिश्रण छर्ने ।

### क्याङ्कर (कोत्रे रोग) नियन्त्रण विधिः

वर्षको २-३ पटक नियमित १ प्रतिशतको बोर्डो मिश्रण छर्ने । पात खन्ने कीरा लिफ माईनर नियन्त्रणको लागि विषादी प्रयोग गर्ने । रोग लागेका हाँगाहरु काँट्छाँट गरी कासुगिमाईसिन (Kasu-B) २ एम.एल./लि. पानीमा मिलाएर छर्ने ।

### सिट्रस ग्रिनिङ नियन्त्रण विधिः

स्वस्थ बिरुवा लगाउने, सिट्रस सिल्ला नियन्त्रण गर्ने र रोगी बिरुवा नष्ट गर्ने ।

## सुन्तला जात फलफूल खेतीको सरदर लागत खर्च र आम्दानी (प्रति हेक्टर)

**१. खर्चतर्फ**

क) ब्याज बिनाको खर्च (१० वर्षसम्मको कूल खर्च रु. ७,९७,५४०/-

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वार्षिक खर्च | ११४७५० | ६४३०५ | ५१८७५ | ५९८७५ | ५५७०० | ८५३५० | ६०९५० | ६३९५० | ६६६५० | ६७६०० |
| जग्गा कर | १0000 | १0000 | १0000 | १0५00 | १0५00 | १0५00 | ११000 | ११000 | ११000 | १२000 |
| जम्मा | १२४७५0 | ७४३0५ | ६१८७५ | ७0३७५ | ६६२00 | ९५८८५ | ७१९५0 | ७४९५0 | ७७६५0 | ७९६00 |

**२. आम्दानीतर्फ**

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अर्न्तबाली आम्दानी | ५000 | ७000 | ६000 | ५000 | ३000 | - | - | - | - | - |
| मह बिक्री (औसत १५ के.जी.) | २८00 | ४५00 | ४५00 | ५२५0 | ५२५0 | ५२५0 | ६000 | ६000 | ६000 | ७५00 |
| फल उत्पादन | - | - | - | ६९२५0 | १२९४९७ | १५२३५0 | २६६६१२ | ४१५५00 | ६६४८00 | ९00२५0 |
| जम्मा | ७८00 | ११५00 | १0५00 | ७९५00 | १३७७४७ | १५७६00 | २७२६१२ | ४२१५00 | ६७0८00 | ९0७७५0 |

नोटः १० वर्षमा कूल आम्दानी रु. २६,७७,३0९/-

**खुद नाफा घाटाको विवरण**

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खर्च | १२४७५0 | ७४३0५ | ६१८७५ | ७0३७५ | ६६२00 | ९५८८५ | ७१९५0 | ७४९५0 | ७७६५0 | ७९६00 |
| आम्दानी | ७८00 | ११५00 | १0५00 | ७९५00 | १३७७४७ | १५७६00 | २७२६१२ | ४२१५00 | ६७0८00 | ९0७७५0 |
| नाफा घाटा | -११६९५0 | -६२८0५ | -५१३७५ | ९१२५ | ७१५४७ | ६१७१५ | २00६६२ | ३४६५५0 | ५९३१५0 | ८२८१५0 |

## सुन्तला जात फलफूल

मध्य पहाडमा कागतीको उत्पादन अवधि अत्यन्त छिटो हुने भएकोले तराईको गर्मी हावापानी अगौटे कागती उत्पादनको लागि उपयुक्त स्थल हो । तराईमा एन.सी.आर.पी -४९ जात बढि फल्ने देखिएको छ भने एन.सी.आर.पी-५३ जात बर्षैभरी फल्ने जात हुन् । एन.सी.आर.पी -५५ क्यान्कर रोग सहन सक्ने जात हो । यी जातहरु असारदेखि भदौसम्म प्रति बोट २ देखि ३ हजार दाना फल्ने जातहरु हुन् ।

## जुनार खेती

जुनार खेतीको लागि चाँडो पाक्ने वासिङ्टन नेभेल र ढिला पाक्ने भ्यालेन्सिया लेटले राम्रो उत्पादन दिन्छ । जुनारलाई रस्टिक स्टोरमा तीन महिनासम्म भण्डारण गर्न सकिने भएकोले गर्मीमा समेत जुनारको भ्यालेन्सिया लेट जात बजारमा बेच्न सकिन्छ र यो समयमा जुनारको माग अत्याधिक हुन्छ ।

सुन्तलाको पाक्ने समय मंसिरदेखी माघसम्म भएकोले कृषकहरुले राम्रो आम्दानी गर्न सकेका छैनन् । तसर्थ भाद्र महिनामा नै पाक्ने बोट सानो हुने फलमा बीउ नहुने ओकित्सुवासे जातको सुन्तला खेती गर्नु उत्तम हुन्छ ।

## सुन्तला जात फलफूलमा लाग्ने रोग तथा किरा

चाइनिज सिट्रस फलाई (औंसा) मुख्य किरा भएकोले यसको नियन्त्रण गर्न प्रोटिन युक्त चारोको प्रयोग गर्नु पर्दछ । गोमोसिस र जरा कुहिने रोग नियन्त्रणका लागि एन्टी रट नामक विषादी १० मि.लि. प्रति लिटर पानीमा मिसाएर पालुवा हाल्ने समयमा छर्किदाँ यो रोगबाट बच्न सकिन्छ । त्यस्तै खराने रोगको नियन्त्रणका लागि इन्सफ नामक विषादी २.५ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्कदा प्रभावकारी भेटिएको छ । एट्सो तथा सर्भो जस्ता खनिज तेल ५ मि.लि. र रोगर १ मिलीलिटर प्रति लिटर पानीमा मिसाएर माघ-फाल्गुन र जेष्ठ-असारमा छर्कदा कत्ले किराहरुको प्रभावकारी नियन्त्रण गर्न सकिन्छ ।

फल राम्ररी पाकेपछि टिप्ने र ग्रेडिङ्ग गरेर मात्र बजारमा बेच्न पठाउने व्यवस्था गर्नुपर्छ । फल टिप्दा फलमा चोटपटक लागेको हुनुहुँदैन ।



